# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष १७ गते २०२४ साल

श्री ५ को सरकार

### निर्माण सञ्चार तथा यातायात–मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सुनौली पोखरा राजमार्ग निर्माण प्रोजेक्टको कोलोनी बनाउने कामको लागि निम्नलिखित जग्गा प्राप्त गर्न निर्णय गरेकोले सम्बन्धित जग्गा धनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐनबमोजिम क्षतीपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पश्चिम ४ नं. स्याङ्जा इलाकाको देहायबमोजिमको मालपोत ९।२३।३ नौ रूपैयाँ तेइस पैसा तीन दाम लागेको माटो मुरी १३।२०।४ तेन्ह खेत बिसमुरी चारपाथीको जग्गा कित्ता २ दुई:–

१. जि. मु. चण्डीप्रसाद गैरे तालुक जिम्माको पूर्व पश्चिम गङ्गाधर टिकाराम चूडामणिको बारी उत्तर चूडामणि गङ्गाधरको बारी चिउरे भन्ने आबादी खेत ।
२. पूर्व ठाडो उत्तर पश्चिम घुले कामीको पाखो उत्तर तेर्सो बाटो र भुक्तबहादुरको साँध दक्षिण मोटर रोड यति ४ किल्लाभित्रको करमं बारी भन्ने आबादी ।

आज्ञाले–

श्यामकृष्ण भट्टराई

श्री ५ को सरकारको सचिव ।

५३२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

438

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।